# प्रेस विज्ञप्ति- २५३

# Press Release-253

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७६।०१।२७ गते।

## लागू औषध गाँजा १०० किलो ग्राम र चिप्पट गाँजा बनाउन प्रयोग हुने मेशिन सहित २ जना मानिस पक्राउ

मिति २०७६।०१।२६ गते अं. १९:०० बजेको समयमा लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरमा प्राप्त विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वर र ईलाका प्रहरी कार्यालय लालबन्दी, सर्लाही समेतको संयुक्त प्रहरी टोलीले जि. सर्लाही लालबन्दी नगरपालिका वडा नं. १४ गँगटे बस्ने बर्ष ३३ को सानो कान्छा योञ्जन र जिल्ला पर्सा पर्सागढी नगरपालिका वडा नं. ९ मनवा बजार बस्ने वर्ष ३४ को प्रगन सहनीलाई अवैध **लागू औषध गाँजा १०० किलो ग्राम** र चिप्पट गाँजा बनाउन प्रयोग हुने मेशिन सहित जिल्ला सर्लाही लालवन्दी नगरपालिका वडा नं. १४ बाट पक्राउ गरी आवश्यक कार्वाही तथा अनुसन्धानको लागी ईलाका प्रहरी कार्यालय लालवन्दी सर्लाहीमा बुझाइएको।

पक्राउ परेका व्यक्तीहरूले जि. सर्लाही लालवन्दी नगरपालिका वडा नं. १४ गँगटेमा कारखाना संचालन गरी कच्चा हरियो गाँजालाई प्रशोधन गरी भारतीय तथा स्थानीय ग्राहकहरूको माग अनुसार बिक्री वितरण गर्ने गरेको र निजहरूले बिगत लामो समयदेखि अवैध लागू औषध गाँजाको कारोवारमा संलग्न रहेको अनुसन्धानबाट खुल्न आएको छ।

निजहरू उपर थप अनुसन्धान कार्य भईरहेको व्यहोरा जानकारीको लागि अनुरोध।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com


ईलाका प्रहरी कार्यालय
थुनुवा भेटने समय
MERCHANTRADE
अवैध लागु औषध गाँजा
compressed गर्ने मेसिन
सामग्रीहरु
बरामद भएको लागु औषध
गाँजा १०० किलो ग्राम
अवैध लागु औषध गाँजा
compressed गर्ने मेसिन
सामग्रीहरु

